नेपाल सरकार

# राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

(कर्मचारी प्रशासन शाखा)

सिंहदरबार, काठमाण्डौ
सम्पर्क नं. ०१-४२००५९०

पत्र संख्या :०७४/०७५
च.नं. : ९८०

मिति : २०७४।०५।०७

श्री राष्ट्रिय पुनर्निर्माण प्राधिकरण,
जिल्ला समन्वय समितिको सचिवालय,
सबै ।

**विषय : कार्यकारी समितिको निर्णय सम्बन्धमा ।**

प्रमुख कार्यकारी अधिकृत प्रा.डा. गोविन्दराज पोखरेलज्यूको अध्यक्षतामा बसेको राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, कार्यकारी समितिको ७९औँ र ८०औं बैठकको निर्णय यसै पत्र साथ संलग्न राखी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(गंगा सुवेदी भट्टराई)
शाखा अधिकृत

**बोधार्थ:**
श्रीमान् प्रमुख कार्यकारी अधिकृतज्यूको सचिवालय,
श्रीमान् सचिवज्यूको सचिवालय,
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सिंहदरबार ।

## कार्यकारी समितिको (मिति २०७४/०५/०४) ८०औं बैठकका निर्णयहरु

नेपाल सरकार राष्ट्रिय पुनर्निर्माण प्राधिकरण सिंहदरबार, काठमाडौं, २०७२

### निर्णय नं. १

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणवाट संचालन गर्ने वा गराईने एकीकृत वस्ती विकास सम्बन्धी मापदण्ड तयार गर्न देहायबमोजिमको उप-समिति गठन गरिएको छ ।

| | | |
|---|---|---|
| १. | श्री ध्रुवप्रसाद शर्मा, कार्यकारी समिति सदस्य | - संयोजक |
| २. | श्री प्रकाश थापा, सह-सचिव | - सदस्य |
| ३. | श्री कृष्णप्रसाद दवाडी, सह-सचिव | - सदस्य |
| ४. | प्रतिनिधि, शहरी विकास मन्त्रालय (रा.प.प्रथम) | - सदस्य |
| ५. | श्री कलम घिमिरे, प्र.ना.अ. | - सदस्य सचिव |

यसका अतिरिक्त आवश्यकता अनुसार कार्यकारी समिति सदस्य, विज्ञ एवं पदाधिकारीलाई आमन्त्रण गर्न सकिने छ।

कार्यविधितगत शर्तहरु

१. नगरपालिका क्षेत्रको एकीकृत वस्ती विकास ।
२. गाउँपालिका क्षेत्रको एकीकृत वस्ती विकास ।
३. सरकारी वा वन क्षेत्रको जग्गासँग जोडिएको क्षेत्रको एकीकृत वस्ती विकास ।
४. वस्ती स्थानान्तरण एवं एकीकृत वस्ती विकास ।
५. एकीकृत वस्ती विकास र प्लट वितरण ।
६. स्वीकृत मापदण्ड अनुसार बैठकमा आए वापत भत्ता एवं सुविधा उपलब्ध गराउने ।

### निर्णय नं. २

स्थानीय तहवाट स्वीकृत मापदण्ड पूरा गर्ने गरी स्थानीय तहको सिफारिशसहित प्राप्त तपसिलका आयोजनाहरुलाई राष्ट्रिय पुनर्निर्माण प्राधिकरणवाट एकीकृत वस्ती विकास गर्ने सम्बन्धमा तयार हुने मापदण्डको आधारमा पूर्वाधार लगायतको विषयहरुमा क्रमश सहयोग गर्दै जाने गरी हाल एकीकृत वस्ती विकास गर्न सैद्धान्तिक सहमति दिने ।

तपसिल

१. जिलु एकीकृत वस्ती विकास, दोलखा ।
२. वगुवा मिलन वस्ती, गोरखा ।
३. मेलम्ची जरायोटार एकीकृत वस्ती विकास, सिन्धुपाल्चोक ।

सचिव

**निर्णय नं. ३**

केन्द्रीय दैवी प्रकोप उद्धार समितिवाट प्राप्त प्रतिवेदन बमोजिम अध्ययन गराउंदा Geologist वाट प्राप्त भौगर्भिक अध्ययन प्रतिवेदन अनुसार देखिएका तपसिल बमोजिमका जोखिमयुक्त वस्तीका घरधनीहरुलाई लाभग्राहीको सूचीमा समावेश गर्ने ।

तपसिल

१) गंगा जमुना गाउँपालिका वडा नं.१ का पहिरो प्रभावितहरु (जोखिममा रहेका) को नामावली (रि गाउँ) हाल क्षामे

१. ल्बेक लामा तामाङ
२. नेम बहादुर तामाङ
३. सुतमान तामाङ
४. बल बहादुर तामाङ
५. चम बहादुर तामाङ

२) गंगाजमुना गाउँपालिका वडा नं.२ का पहिरो प्रभावितहरुको नामावली (प्रनुङ)

१. राम बहादुर तामाङ
२. शिर्वा तामाङ
३. गङ्ग बहादुर तामाङ
४. फर्वा लामा तामाङ
५. दाई बहादुर तामाङ
६. रक्से लामा तामाङ
७. मनोज तामाङ
८. जल बहादुर तामाङ
९. डेमे लामा तामाङ
१०. सुन बहादुर तामाङ
११. अमृत तामाङ
१२. खम्बा लामा तामाङ

**निर्णय नं. ४**

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण निर्देशक समितिको मिति २०७४/०३/२८ गतेको निर्णयवाट निर्देशन भए बमोजिम राष्ट्रिय पुनर्निर्माण प्राधिकरण वा अन्तर्गतका जिल्ला समन्वय समितिको सचिवालयमा कार्यरत कर्मचारीका लागि आ.व. २०७४/०७५ को श्रावण १ देखि लागू हुने गरी शुरु तलब स्केलको ५०% (पचास प्रतिशत) प्रोत्साहन भत्ता उपलब्ध गराउन तयार गरिएको कार्य सम्पादन सूचक स्वीकृत गरियो ।

सचिव

## कार्यकारी समितिको (मिति २०७४/०४/१८) ७९औं बैठकका निर्णयहरु

१. क्षतिग्रस्त निजी आवास भएको जिल्लाको गाउँपालिका/नगरपालिकामा लाभग्राहीसँग सम्झौता गरिएका तर घर निर्माण क्षतिग्रस्त आवास भएको भूकम्प प्रभावित छिमेकी जिल्लामा भएकोमा अनुदान रकम उपलब्ध गराउदा घर निर्माण गरीएको स्थानीय तहमा खटिएका प्राविधिकबाट जाँचपास भै आए अनुसार शुरू सम्झौता भएको जिल्लाबाट अनुदान रकम उपलब्ध गराउने ।

२. विपद् पश्चातको पुनरोत्थान कार्यढाँचा (Post Disaster Recovery Framework - PDRF) का आधारमा तयार गरी पेश गरिएको संलग्न मस्यौदा कार्य-योजनालाई प्राथमिकता तोकी परिमार्जन सहित मिति २०७४।०५।०९ गतेको कार्यकारी समितिमा पेश गर्ने ।

३. गैर सरकारी संस्था परिचालन सम्बन्धी कार्यविधि, २०७२ को दफा (९) बमोजिम सिफारिश भई आएका देहायबमोजिमका पुनर्निर्माणसँग सम्बन्धित परियोजनाहरु सम्बन्धित निकायले तोकेको मापदण्डभित्र रही संचालन गर्न स्वीकृति दिने ।

| क्र.स. | संस्थाको नाम | परियोजनाको नाम | परियोजनाको क्षेत्र | परियोजना बिवरण | परियोजना कार्यान्वयन हुने स्थान | विज्ञ सदस्य | बजेट | | | परियोजना अवधि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | प्रशासनिक | कार्यक्रम | जम्मा | | |
| १ | Kadoorie Agricultural Aid Association | KAAA भूकम्प प्रतिरोधी आवासीय घर पुनर्निर्माण परियोजना | आवास | ➢ ४२५ वटा आवासीय घर पुनर्निर्माण | लम्जुङ सानो काभ्रे धादिङ लिन्जो र पुरु रसुवा/ सिन्धुपाल्चोक | ➢ डा. श्री हरिराम पराजुली | ४३,६५,५००।०० ०१.०० प्रतिशत | ४७०७७६९६३।१५ ९९।०० प्रतिशत | ४७,५१,४२,४६३। १५ | २ वर्ष | |
| २. | JUAAN | श्री बाल शिक्षा सदन नि.मा.बि. भवन पुनर्निर्माण परियोजना | शिक्षा | ➢ श्री बाल शिक्षा सदन नि.मा.बि. भवन पुनर्निर्माण (८ कोठे भवन शौचालय सहित) | सूर्यबिनायक १०, सल्लाघारी, भक्तपुर | ➢ डा. श्री चन्द्र बहादुर श्रेष्ठ | ० ० प्रतिशत | ७०,००,०००।०० १००।०० प्रतिशत | ७०,००,०००।०० | ६ महिना | प्रशासनिक खर्च Voluntarily गर्ने । |
| | Help Nepal Network | बिद्यालय भवन पुनर्निर्माण | शिक्षा | ➢ ठोकर्पा माध्यमिक बिद्यालय १५ कोठा ➢ राज कुलेश्वर नि.मा.बि. १२ कोठा | ➢ ठोकर्पा ६ सिन्धुपाल्चोक ➢ भिमेश्वर न.पा २ दोलखा | ➢ डा. श्री चन्द्र बहादुर श्रेष्ठ | २२,२३,७७७।०० ०२।७० प्रतिशत | ८,२५,९४,२७३।०० ९७।३० प्रतिशत | ८,४८,१८,०५०।०० | २ बर्ष | |
| ४ | Build Up Nepal | सूर्योदय आधारभूत बिद्यालय पुर्निर्माण | शिक्षा | ➢ सूर्योदय आधारभूत बिद्यालय निर्माण ५ कोठे भवन ३ वटा शौचालय सहित | ➢ बगाम, सिन्धुपाल्चोक | ➢ डा. श्री चन्द्र बहादुर श्रेष्ठ | ५५,०००।०० ००।८० प्रतिशत | ६४,९०,८५९।०० ९९।२० प्रतिशत | ६५,४५,८५९।०० | २०७४ मसिंर | |

सचिव

सचिव

| | संस्थाको नाम | परियोजनाको नाम | परियोजनाको क्षेत्र | परियोजना बिवरण | परियोजना कार्यान्वयन हुने स्थान | विज्ञ सदस्य | बजेट | | | परियोजना अवधि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | प्रशासनिक | कार्यक्रम | जम्मा | | |
| | Batas Foundation | भुकम्प प्रभाबित परिबारका लागि कम लागतमा दिगो आवास | आवास | ➢ १०० वटा निजि आवास | ➢ गेदाबरी न.पा. , ललितपुर | ➢ डा. श्री हरिराम पराजुली | ३६,७८,३००।०० १०।०० प्रतिशत | ३,३६,२५,०००।०० ९०।०० प्रतिशत | ३,७३,०३,३००।०० | ३ महिना | |
| ६ | Hyolmo Foundation | ह्योल्मो गाँउ पुनर्निर्माण परियोजना | आवास | ➢ १७ वटा निजि आवास | ➢ दुप्चेश्वर २, नुवाकोट | ➢ डा. श्री हरिराम पराजुली | १३,३०,०००।०० ०८।०० प्रतिशत | १,३७,७०,०००।०० ९२ प्रतिशत | १,५०,००,०००।०० | २०७५ असार | |

सचिव